
# खोरेत रोग नियन्त्रण आयोजना संचालन कार्यविधि २०८१ मा समेटिएका विषयवस्तु तथा आयोजना अन्तर्गत संचालन हुने कार्यक्रमहरु बारे जानकारी




प्रस्तोता

डा. गंगाराम यादव

बरिष्ठ पशु विकास अधिकृत

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

विराटनगर

# प्रस्तावना

कोशी प्रदेशमा दुग्ध तथा मासु जन्य पदार्थको उत्पादन अभिवृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न र दुग्ध तथा मासुको क्षेत्रमा दिगो रुपमा आत्मनिर्भरता हासिल गर्ने  उद्देश्य प्राप्त गर्नका लागि यस क्षेत्रमा पशुहरुको महामारी रोग खोरेत नियन्त्रण तथा क्रमशः उन्मूलन गर्न प्रदेश सरकारबाट संचालन हुने खोरेत रोग नियन्त्रण आयोजना कार्यान्वयनलाई व्यवस्थित, प्रभावकारी र अपेक्षित प्रतिफल उन्मुख बनाउन ।

# संक्षिप्त नाम

यस कार्यविधिको नाम “खोरेत रोग नियन्त्रण आयोजना संचालन कार्यविधि २०८१" रहेको छ ।

# उद्देश्य

(क) कोशी प्रदेशमा खोरेत रोग नियन्त्रण तथा उन्मूलन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको सहकार्य तथा समन्वयमा रोग नियन्त्रण सम्बन्धी कार्यक्रम संचालन गर्ने ।

(ख) कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट निर्धारण गरिएको जोन तथा कम्पार्टमेन्टलाई तोकिएको विधि र प्रक्रिया अवलम्बन गर्दै खोरेत रोगबाट मुक्त गर्ने ।

(ग) खोरेत रोग मुक्त जोन तथा कम्पार्टमेन्टलाई विश्व पशु स्वास्थ्य संगठन मार्फत स्वघोषणा गरी खोरेत मुक्त पशुजन्य पदार्थको निर्यातमा टेवा पुर्याउने ।

परिच्छेद २

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी

## (१) कृषि तथा पशुपन्छी विकास मन्त्रालय:

(क) जोन तथा कम्पार्टमेन्टको क्षेत्र निर्धारण गर्ने ।

(ख) खोरेत रोग मुक्त क्षेत्र घोषणा गर्ने ।

(ग) आयोजना कार्यान्वयनमा सहयोग गर्ने मातहतका निकाय परिचालन गर्ने ।

(घ) रोग नियन्त्रणका लागि अन्य प्रदेश तथा स्थानीय तहहरुबीच समन्वयकारी भूमिका खेल्ने ।

परिच्छेद २

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (२) प्रदेश मन्त्रालयः

(क) खोरेत रोग नियन्त्रण रणनीतिक योजना अनुसार आयोजना संचालन गर्ने गराउने ।

(ख) संघ तथा स्थानीय तहसंग आवश्यक सहकार्य र समन्वय गर्ने ।

(ग) जोन तथा कम्पार्टमेन्टको क्षेत्र विस्तार गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्ने ।

(घ) आयोजना संचालनको लागि आवश्यक बजेट व्यवस्थापन गर्ने ।

(ङ) आयोजना तथा कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने तथा मातहतका सम्बद्ध निकायहरुलाई आवश्यक निर्देशन दिने ।

परिच्छेद २

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (३) पशु सेवा विभाग:

(क) जोन तथा कम्पार्टमेन्टको क्षेत्र निर्धारण तथा खोंरेत रोग मुक्त क्षेत्र घोषणा सम्बन्धमा मन्त्रालयमा आवश्यक समन्वय गर्ने ।

(ख) विश्व पशु स्वास्थ्य संगठनसंग आवश्यक समन्वय गर्ने ।

(ग) आवश्यक मात्रामा खोप व्यवस्थापन गर्ने ।

(घ) प्रदेश तथा स्थानीय तहलाई आवश्यक प्राविधिक तथा वित्तिय सहयोग उपलब्ध गराउने ।

(ङ) रोगको आउटब्रेक अन्वेषण कार्यमा प्रदेश र स्थानीय तहलाई प्राविधिक पृष्ठपोषण दिने ।

(च) कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने गराउने ।

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (४) पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयः

(क) आयोजनालाई व्यवस्थित रुपमा संचालन गर्नका लागि निर्देशनालयमा एक छुट्टै खोरेत रोग नियन्त्रण आयोजना कार्यान्वयन इकाई (FMD Project Implementation Unit, FMD-PIU) को स्थापना गर्ने ।

(ख) रोगको सर्भिलेन्स, आउटब्रेक अन्वेषण तथा नियन्त्रण, खोप खरिद तथा परिचालन र कृषक तथा प्राविधिकको क्षमता अभिवृद्धि गर्ने ।

(ग) आयोजनाको कार्यक्रम तथा बजेट तर्जुमाका साथै स्वीकृत कार्यक्रमहरु संचालन गर्ने गराउने ।

## (४) पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयः

(घ) पशु सेवा विभागबाट प्राप्त खोप खोरेत रोग नियन्त्रण कार्यक्रमको लागि अपुग भएमा निर्देशनालयबाट सोको व्यवस्थापन गर्ने ।

(ङ) आयोजना कार्यान्वयनका लागि विज्ञ केन्द्रलाई परिचालन गर्ने ।

(च) आयोजना लागु भएका क्षेत्रका स्थानीय तह तथा अन्य सरोकारवालाहरु तथा जनप्रतिनिधि र कृषकहरुसंग समन्वय गर्ने ।

(छ) कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने ।

परिच्छेद २

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (५) विज्ञ केन्द्रः

(क) खोप कार्यक्रम संचालन गर्ने गराउने ।

(ख) रोगको सर्भिलेन्स, आउटब्रेक अन्वेषण तथा रिपोर्टिङ्ग गर्ने गराउने ।

(ग) तथ्यांक अभिलेखीकरण तथा व्यवस्थापन गर्ने ।

(घ) रोग नियन्त्रण कार्यक्रमको लागि आयोजना अन्तर्गत नियुक्त प्राविधिक परिचालन गर्ने ।

परिच्छेद २

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (५) विज्ञ केन्द्र:

(क) खोप कार्यक्रम संचालन गर्ने गराउने ।

(ख) रोगको सर्भिलेन्स, आउटब्रेक अन्वेषण तथा रिपोर्टिङ्ग गर्ने गराउने ।

(ग) तथ्यांक अभिलेखीकरण तथा व्यवस्थापन गर्ने ।

(घ) रोग नियन्त्रण कार्यक्रमको लागि आयोजना अन्तर्गत नियुक्त प्राविधिक परिचालन गर्ने ।

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (५) विज्ञ केन्द्रः

(ङ) जोनिङ्ग क्षेत्रमा खोरेत रोगको सघन सिरो सर्भिलेन्स र NSP सर्भिलेन्स गर्नका लागि विज्ञ केन्द्रमा रहेको आधारभूत प्रयोगशालाको क्षमता अभिवृद्धि तथा ELISA टेष्ट गर्ने ।

(च) खोप भण्डारण गर्ने तथा आफ्नो क्षेत्रका स्थानीय तहलाई उपलब्ध गराउने ।

(छ) आयोजना लागु भएका क्षेत्रका स्थानीय तह तथा अन्य सरोकारवालाहरुसंग समन्वय गर्ने ।

(ज) आयोजना अन्तर्गत स्वीकृत कार्यक्रम र कार्यविधिले तोके अनुसारका कार्यहरु संचालन गर्ने र सोको निर्देशनालयमा प्रगति प्रेषण गर्ने ।

(झ) कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने र सो कार्यमा निर्देशनालय र विभागलाई सहयोग गर्ने ।

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (६) स्थानीय तहः

(क) आयोजना तथा सो अन्तर्गतका कार्यक्रम कार्यान्वयनका लागि पशुपन्छी हेर्ने शाखा (पशु सेवा शाखा) तथा वडा कार्यालयहरुलाई परिचालन गर्ने ।

(ख) खोप कार्यक्रम संचालन तथा अभिलेखीकरण गर्ने ।

(ग) पशु पहिचान तथा दर्ता, सर्भिलेन्स, रिपोर्टिङ्ग, नमूना संकलन, तथ्यांक संकलन तथा सम्पेषण, गर्ने ।

## आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

### (६) स्थानीय तहः

(घ) प्रयोगशाला तथा विज्ञ केन्द्रलाई सर्भिलेन्स तथा नमूना संकलन कार्यमा सहयोग गर्ने ।

(ङ) पशु आवतजावत नियन्त्रण, निगरानी समूह तथा स्थानीय आन्तरिक चेक पोष्ट/निगरानी केन्द्र व्यवस्थापन गर्ने ।

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (६) स्थानीय तहः

(च) खोपकर्ता तथा आयोजना अन्तर्गत नियुक्त प्राविधिक परिचालन गर्ने ।

(छ) पशुपालन फार्म, कृषि/पशु सहकारी, पशुजन्य उद्योग तथा कृषकहरुसंग समन्वय र रोग सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने ।

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (६) स्थानीय तहः

(ज) संघ तथा प्रदेशका सशर्त अनुदानका कार्यक्रम संचालन गर्ने र आवश्यकता अनुसार आफ्नै श्रोतबाट समेत आयोजना कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गर्ने ।

(झ) कार्यविधिले तोके अनुसारका अन्य सबै कार्य गर्ने ।

(ञ) कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने र सो कार्यमा सहयोग गर्ने र विज्ञ केन्द्रमा प्रगति प्रेषण गर्ने ।

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (७) खोरेत तथा सिमाविहिन पशु रोग अन्वेषण प्रयोगशालाः

(क) खोरेत रोग सम्वन्धी राष्ट्रिय रिफ्रेन्स प्रयोगशालाको रुपमा कार्य गर्ने ।

(ख) आयोजना संचालन भएको क्षेत्रमा प्रदेश र स्थानीय तहको सहकार्यमा खोरेत रोग आउटव्रेक अन्वेषण गरी नमुना संकलन गर्ने वा संकलन गरेर पठाइएको नमूनाको परीक्षण गरी प्रतिवेदन दिने ।

(ग) विश्व पशु स्वास्थ्य संगठनका अन्तराष्ट्रिय रिफरेन्स प्रयोगशालाहरु संग समन्वय गरी आयोजना कार्यान्वयन हुने क्षेत्रमा देखा पर्ने खोरेत रोगको फिल्ड स्ट्रेन पत्ता लगाउने।

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (७) खोरेत तथा सिमाविहिन पशु रोग अन्वेषण प्रयोगशाला:

(घ) खोरेत रोग सम्वन्धी नीति, रणनीति, कार्यक्रमहरु तयार गर्नमा प्रदेश र स्थानीय तहलाई सहयोग गर्ने ।

(ङ) खोप खरिद तथा प्रयोगशाला संचालन कार्यमा प्राविधिक सहयोग गर्ने।

(च) खोरेत रोग सर्भिलेन्स, अन्वेषण र गुणस्तरिय नमूना संकलन, संरक्षण, कोडिङ, प्रेषण तथा परिक्षण कार्यमा प्राविधिकहरुको क्षमता अभिवृद्धि गर्ने ।

(छ) खोरेत खोपको प्रभावकारीता परीक्षण (Seromonitoring) गर्ने वा संकलन गरेर पठाइएको नमूनाको परीक्षण गरी प्रतिवेदन एवं पृष्ठपोषण दिने ।

(ज)आयोजना कार्यान्वयन कार्यमा प्रदेश मन्त्रालय तथा निर्देशनालयलाई सहयोग गर्ने ।

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (८) पशुपन्छी रोग अन्वेषण प्रयोगशाला:

(क) रोगको सर्भिलेन्स, नमना संकलन, नमूना परीक्षण, आउटब्रेक अन्वेषण तथा रिपोर्टिङ्ग गर्ने ।

(ख) खोपको सिरो सर्भिलेन्स/ सिरो मनिटरिङ्ग अध्ययन गर्ने ।

(ग) खोप भण्डारण गरी विज्ञ केन्द्र र स्थानीय तहलाई उपलब्ध गराउने ।

(घ) आयोजना कार्यान्वयन कार्यमा प्रदेश मन्त्रालय, निर्देशनालय तथा विज्ञ केन्द्रसंग समन्वय गर्ने ।

परिच्छेद २

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (९) पशु क्वारेन्टाईन कार्यालय:

(क) आयोजना लागु भएका क्षेत्रमा बाहिरबाट खोप नलगाइएका पशुहरुको प्रवेशमा रोक लगाउने र यसका लागि सम्बन्धित क्वारेन्टाईन चेक पोष्टहरुलाई प्रदेश सरकारको आयोजना लक्षित गरी थप निगरानी बढाउन लगाउने र रोगी तथा अवैध पशु र पशुजन्य पदार्थ ओसार पोसार नियन्त्रण गर्न लगाउने ।

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (९) पशु क्वारेन्टाईन कार्यालयः

(ख) खोप नलगाइएका तथा रोगी पशुहरुको आवतजावत नियन्त्रण गर्न सम्बन्धित स्थानीय तह, वडा कार्यालय तथा प्रहरी कार्यालय/चेक पोष्ट वा अन्य सुरक्षा संयन्त्रसंग समन्वय गर्ने ।

(ग) स्थानिय आन्तरिक चेक पोष्ट/निगरानी केन्द्र व्यवस्थापन तथा संचालनमा सहजिकरण गर्ने ।

(घ) आयोजना कार्यान्वयन कार्यमा मन्त्रालय, निर्देशनालय तथा विज्ञ केन्द्रसंग समन्वय गर्ने ।

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (१०) पशु हाट बजार संचालक समिति:

(क) हाट बजारमा ल्याईएका पशुहरुलाई खोप लगाउन सहजीकरण गर्ने ।

(ख) हाट बजारमा ल्याईएका पशुहरुलाई ट्यागिङ्ग गर्ने कार्यमा सहजीकरण गर्ने ।

(ग) हाट बजारमा ल्याइएका र रोगको जोखिममा रहेका पशुहरुको अभिलेख राख्न तथा ट्रेसिङ्ग गर्न पशु सेवा शाखालाई सहयोग गर्ने ।

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (१०) पशु हाट बजार संचालक समिति:

(घ) हाट बजारको नि:संक्रमण तथा जैविक सुरक्षा विधि अवलम्बन गर्ने गराउने ।

(ङ) बजार सम्बन्धी पूर्वाधार विकास गर्ने ।

(च) आयोजना कार्यान्वयनमा सहयोग तथा सहजीकरण गर्ने ।

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (११) व्यवसायिक पशु फार्म/कृषक तथा कृषक समूह समिति/सहकारी:

(क) आफू वा आफ्नो सदस्यहरुले पालेका गाई भैंसी लगायतका खुरफट्टा जनावरहरुलाई ट्यागिङ्ग गरी नियमित रुपमा खोप लगाउने तथा सोको अभिलेख अनिवार्य रुपमा राख्ने ।

(ख) क्वारेन्टाईनका नियमहरु पालना गर्ने गराउने ।

(ग) खोप नलगाइएका तथा रोगी पशुहरुको अनियन्त्रित आवतजावत तथा ओसारपोसार नियन्त्रणमा सम्बन्धित पशु सेवासंग सम्बद्ध निकायलाई सहयोग गर्ने ।

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (११) व्यवसायिक पशु फार्म/कृषक तथा कृषक समूह समिति/सहकारीः

(घ) असल पशु पालन अभ्यास तथा जैविक सुरक्षा विधि अवलम्बन गर्ने गराउने ।

(ङ) रोगको सर्भिलेन्स, अन्वेषण, सिरो-मोनिटरिङ्ग तथा रोगको नमूना संकलन कार्यमा सहयोग गर्ने ।

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (११) व्यवसायिक पशु फार्म/कृषक तथा कृषक समूह समिति/सहकारीः

(च) आफ्नो पशु/फार्म तथा क्षेत्रमा रोगको शंकास्पद पशु फेला परेमा वा रोग देखिएमा तुरुन्तै सम्बन्धित स्थानीयत तहको पशु सेवा शाखा वा विज्ञ केन्द्रमा वा प्रयोगशालामा जानकारी गराउने ।

(छ) आयोजना कार्यान्वयन कार्यमा मन्त्रालय, निर्देशनालय, विज्ञ केन्द्र, स्थानीय तह तथा अन्य सबै सरोकारवाला निकायहरुलाई सहयोग गर्ने ।

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (१२) दुग्ध/मासुजन्य उद्योग, प्रशोधन केन्द्र तथा संकलक/वितरक:

(क) दुग्ध उद्योग तथा दुग्ध प्रशोधन केन्द्र र दुग्ध संकलक/वितरकहरुले नियमित रुपमा खोप लगाइएका तथा रोग मुक्त पशु तथा फार्महरुबाट मात्र दुग्ध संकलन गर्ने ।

(ख) कृषकहरुलाई खोप लगाउन सहयोग तथा प्रेरित गर्ने ।

(ग) आयोजना कार्यान्वयनमा मन्त्रालय, निर्देशनालय, विज्ञ केन्द्र, स्थानीय तह तथा अन्य सबै सरोकारवाला निकायहरुसंग समन्वय तथा सहयोग गर्ने ।

## (१३) दाना/आहारा उद्योग तथा बिक्री केन्द्रः

(क) रोग मुक्त दाना/आहाराको बिक्री वितरण सुनिश्चतता गर्ने ।

(ख) आफ्ना कृषकहरुलाई खोरेत रोग र यसको रोकथाम बारे जानकारी गराउने।

(ग) दाना/आहारा ढुवानी गरिने फार्महरुमा जैविक सुरक्षाका विधिहरु दुरुस्त अपनाउने ।

# आयोजना संचालनमा संलग्न सरोकारवालाहरुको भूमिका र जिम्मेवारी....

## (१४) एग्रोभेट तथा भेटेरिनरी औषधी पसलः

(क) आफ्नो एग्रोभेट तथा भेटेरिनरी औषधी पसल मार्फत रोग नफैलियोस् भन्ने सुनिश्चतता गर्ने ।

(ख) रोग देखा परेको गोठ/पशुको पशुधनी औषधी खरिद गर्न आएमा तुरुन्तै सम्बन्धित निकायमा जानकारी गराउने।

## (१४) एग्रोभेट तथा भेटेरिनरी औषधी पसलः

(ग) कृषकहरुलाई खोरेत रोग र यसको रोकथाम बारे जानकारी गराउने।

(घ) रोग फैलिएको अवस्थामा आफ्नो पसलमा जैविक सुरक्षाका विधिहरु दुरुस्त अपनाउने ।

## (१५) निजी पशु चिकित्सक तथा पाराभेट:

(क) खोप कार्य संचालन गर्ने ।

(ख) रोगको सर्भिलेन्स, अन्वेषण, सिरो-मोनिटरिङ्ग तथा रोगको नमूना संकलन कार्यमा सहयोग गर्ने ।

(ग) पशु पहिचान तथा दर्ता कार्यमा सहभागी हुने ।

## (१५) निजी पशु चिकित्सक तथा पाराभेटः

(घ) कृषक तथा फार्महरुलाई असल पशु पालन अभ्यास तथा जैविक सुरक्षा विधि बारे जानकारी गराउने ।

(ङ) रोग देखा परेमा तुरुन्तै सम्बन्धित निकायमा जानकारी गराउने ।

(ग) आयोजना कार्यान्वयनमा निर्देशनालय, विज्ञ केन्द्र तथा स्थानीय तहलाई सहयोग गर्ने ।

परिच्छेद ३

# आयोजना संचालनका लागि क्षेत्र छनौट

(१) खोप कार्य, सर्भिलेन्स, खोप भण्डारण तथा परिचालन सम्बन्धी क्षमता अभिवृद्धि, रोग सम्बन्धी जनचेतना अभिवृद्धी लगायतका कार्यक्रमहरु कोशी प्रदेशको सबै जिल्लामा नै संचालन गरिनेछ ।

(२) जोनिङ्ग कार्यका लागि पहिलो चरणमा अनुसूची-४ बमोजिमका स्थानीय तहहरु छनौट गरिनेछ ।

परिच्छेद ३

# आयोजना संचालनका लागि क्षेत्र छनौट

**अनुसूची-४**

(दफा ८ को उपदफा (२) संग सम्बन्धित)

**जोन क्षेत्रमा समावेश गरिने ईलाम जिल्लाका स्थानीय तहहरु**

(क) रोङ्ग गाउँपालिका
(ख) सूर्योदय नगरपालिका
(ग) ईलाम नगरपालिका
(घ) माई नगरपालिका
(ङ) देउमाई नगरपालिका
(च) माईजोगमाई नगरपालिका
(छ) सन्दकपुर गाउँपालिका
(ज) फाकफोकथुम गाउँपालिका

परिच्छेद ३

# आयोजना संचालनका लागि क्षेत्र छनौट

(३) जोनको क्षेत्र प्रदेश मन्त्रालयले आवश्यकता अनुसार विस्तार गर्न सक्नेछ ।

(४) खोरेत रोगको न्यून जोखिम क्षेत्र - सोलुखुम्ब, ताप्लेजुङ्ग, भोजपुर, तेह्रथुम, खोटाङ्ग जिल्लाहरुमा प्रदेश मन्त्रालयले खोरेत मुक्त क्षेत्र घोषणा गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम तथा प्रक्रिया संचालन गर्न सक्नेछ ।

परिच्छेद ३

# ७. प्रादेशिक निर्देशक समिति:

(१) यस आयोजना सम्बन्धी नीति निर्धारण गर्ने र सम्बन्धित निकायहरुलाई मार्गदर्शन गर्नका लागि प्रदेश मन्त्रालयमा देहायका पदाधिकारीहरु सम्मिलित एक प्रदेश स्तरिय निर्देशक समिति रहेछ ।

| | |
|---|---|
| (क) मन्त्री, प्रदेश मन्त्रालय | - संयोजक |
| (ख) सचिव, प्रदेश मन्त्रालय | - सदस्य |
| (ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| (घ सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य |
| (ङ) सचिव, पर्यटन, वन तथा वातारण मन्त्रालय | - सदस्य |
| (च) सचिव, प्रदेश योजना आयोग | - सदस्य |
| (छ) सचिव, मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय | - सदस्य |
| (ज) महानिर्देशक, पशु सेवा विभाग | - सदस्य |
| (झ) प्रमुख, कोशी प्रदेश प्रहरी कार्यालय | - सदस्य |
| (ञ) प्रमुख, सशस्त्र प्रहरी बल मुख्यालय कोशी प्रदेश | - सदस्य |
| (ट) निर्देशक, निर्देशनालय | - सदस्य-सचिव |

परिच्छेद ३

# ८. प्रादेशिक प्राविधिक समिति

(१) यस आयोजना कार्यान्वयनका लागि निर्देशनालयमा देहाय अनुसारको एक प्राविधिक समिति रहेछ ।

| | |
|---|---|
| (क) निर्देशक, निर्देशनालय | - संयोजक |
| (ख) उप-महानिर्देशक, विभाग | - सदस्य |
| (ग) प्रमुख, खोरेत तथा सिमाविहिन पशु रोग अन्वेषण प्रयोगशाला, काठमाडौं | - सदस्य |
| (घ) प्रमुख, राष्ट्रिय पशु स्वास्थ्य अनुसन्धान केन्द्र, खुमल्टार, ललितपुर | - सदस्य |
| (ङ) महाशाखा प्रमुख, पशुपन्छी विकास महाशाखा, प्रदेश मन्त्रालय | - सदस्य |
| (च) प्रमुख, पशुपन्छी रोग अन्वेषण प्रयोगशाला विराटनगर | - सदस्य |
| (छ) प्रमुख, पशु क्वारेन्टाईन कार्यालय मोरङ्ग | - सदस्य |
| (ज) प्रमुख, पशु क्वारेन्टाईन कार्यालय झापा | - सदस्य |
| (झ) प्रमुख, विज्ञ केन्द्र (२ वटा केन्द्र) | - सदस्य |
| (ञ) प्रतिनिधि, प्रदेश दुग्ध व्यवसायी संघ/एशोसिएसन मध्येबाट (१ जना)- संयोजकले तोकेको | - सदस्य |
| (ट) प्रतिनिधि, प्रदेश मासु व्यवसायी संघ/एशोसिएसन मध्येबाट (१ जना) - संयोजकले तोकेको | - सदस्य |
| (ठ) आयोजना कार्यान्वयन इकाई संयोजक, निर्देशनालय | - सदस्य-सचिव |

परिच्छेद ३

# ९. जिल्लास्तर प्राविधिक समितिः

(१) यस आयोजना कार्यान्वयनका लागि विज्ञ केन्द्रहरुमा देहाय अनुसारको एक जिल्लास्तर प्राविधिक समिति रहेछ ।

| | |
|---|---|
| (क) प्रमुख, विज्ञ केन्द्र | - संयोजक |
| (ख) प्रतिनिधि, जिल्ला समन्वय समिति | - सदस्य |
| (ग) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | - सदस्य |
| (घ) प्रमुख/प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय | - सदस्य |
| (ङ) प्रमुख/प्रतिनिधि, वन डिभिजन कार्यालय | - सदस्य |
| (च) प्रमुख, स्थानीय तह पशु सेवा शाखा (सबै) | - सदस्य |
| (छ) प्रतिनिधि, जिल्ला दुग्ध व्यवसायी संघ/एशोसिएसन मध्येबाट (१ जना) | - सदस्य |
| (ज) प्रतिनिधि, जिल्ला मासु व्यवसायी संघ मध्येबाट (१ जना) | - सदस्य |
| (झ) प्रमुख, कृषि ज्ञान केन्द्र | - सदस्य |
| (ञ) शाखा प्रमुख, पशु चिकित्सा तथा प्रयोगशाला शाखा, विज्ञ केन्द्र | - सदस्य-सचिव |

परिच्छेद ३

# १०. स्थानीय आयोजना कार्यान्वयन समिति

(१) यस आयोजना स्थानीय स्तरमा कार्यान्वयनका लागि स्थानीय तहहरुमा देहाय अनुसारको एक स्थानीय आयोजना कार्यान्वयन समिति रहनेछ ।

(क) प्रमुख, स्थानीय तह - संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत, स्थानीय तह - सदस्य

(ग) वडा अध्यक्ष, स्थानीय तह (सबै वडा) - सदस्य

(घ) प्रमुख, कृषि विकास शाखा, स्थानीय तह - सदस्य

(ङ) प्रमुख, प्रहरी कार्यालय/चेक पोष्ट, स्थानीय तह - सदस्य

परिच्छेद ३

# १०. स्थानीय आयोजना कार्यान्वयन समिति

(च) कृषक प्रतिनिधि, स्थानीय तह भित्रका (२ जना)- संयोजकले तोकेको - सदस्य

(छ) प्रतिनिधि, पशुपन्छीजन्य उद्योग/सहकारी मध्येबाट (१ जना)-संयोजकले तोकेको - सदस्य

(ज) प्रतिनिधि, मासुजन्य उद्योग/व्यवसायी मध्येबाट (१ जना)- संयोजकले तोकेको - सदस्य

(झ) प्रमुख, पशु सेवा शाखा, स्थानीय तह - सदस्य-सचिव

परिच्छेद ३

# ११. निगरानी समूह

(१) यस आयोजना अन्तर्गत स्थानीय तहभित्र अवैध तथा रोगी पशुहरुको आवतजावत निगरानी  गरी रोग नियन्त्रण कार्यमा सहयोग गर्नका लागि स्थानीय तहले देहाय अनुसारको एक निगरानी समूह गठन गर्न सक्नेछ ।

| | |
|---|---|
| (क) वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको सदस्य, स्थानीय तहको सम्बन्धित वडा सदस्य | - संयोजक |
| (ख) वडा सदस्य, सम्बन्धित वडा सदस्यहरु मध्येबाट (१ जना)- संयोजकले तोकेको | - सदस्य |
| (ग) प्राविधिक, पशु सेवा शाखा,  स्थानीय तह | - सदस्य |
| (घ) निजी वा सरकारी पशु चिकित्सक, स्थानीय तह | - सदस्य |
| (ङ) निजी वा सरकारी पाराभेट, वडा भित्रका (२ जना)- संयोजकले तोकेको | - सदस्य |

परिच्छेद ३

# ११. निगरानी समूह

(च) प्रतिनिधि, टोल विकास समिति मध्येबाट (२ जना)- संयोजकले तोकेको - सदस्य

(छ) कृषक प्रतिनिधि, वडा भित्रका (३ जना)- संयोजकले तोकेको - सदस्य

(ज) प्रतिनिधि, सम्बन्धित प्रहरी चौकी (१ जना)- संयोजकले तोकेको - सदस्य

(झ) प्रतिनिधि, पशुपन्छीजन्य उद्योग/सहकारी/चिस्यान केन्द्र मध्येबाट (१ जना)-संयोजकले तोकेको - सदस्य - सदस्य

(ञ) प्रतिनिधि, मासुजन्य उद्योग/व्यवसायी मध्येबाट (१ जना)- संयोजकले तोकेको - सदस्य

(ट) वडा सचिव, सम्बन्धित वडा -सदस्य-सचिव

परिच्छेद ४

# १३. आयोजनाको अवधि

(१) यो आयोजना पहिलो चरणमा ३ (तीन) वर्षको लागि संचालन गरिनेछ ।

(२) प्रदेश मन्त्रालयले आवश्यकता अनुसार आयोजनाको अवधि थप गर्न सक्नेछ ।

# १७. संचालन गरिने कार्यक्रम/क्रियाकलापहरु

(१) पशु पहिचान, अनुरेखनीयता तथा दर्ता (Animal Identification, Traceability and Registration)

(२) खोप (FMD Vaccine) खरिद तथा वितरण

(३) खोप भण्डारण सामाग्री खरिद तथा वितरण

(४) लजिस्टिक (Logistic) खरिद तथा वितरण

परिच्छेद ५

# १७. संचालन गरिने कार्यक्रम/क्रियाकलापहरु

(५) खोप कार्य तथा पारिश्रमिक

(६) खोरेत रोगको सर्भिलेन्स

(७) रोग अन्वेषण, आकस्मिक उपचार तथा नियन्त्रण

(८) पशु हाटबजारमा खोप कार्य संचालन

(९) प्रयोगशाला संचालन तथा सहयोग

(१०) निगरानी समूह/स्थानीय आन्तरिक चेक पोष्ट व्यवस्थापन

(११) आधारभूत सर्भेक्षण

परिच्छेद ५

# १७. संचालन गरिने कार्यक्रम/क्रियाकलापहरु...

(१२) खोरेत रोग सम्बन्धी प्रचार प्रसार सामाग्री तयारी

(१३) खोरेत रोग सम्बन्धी अडियो भिडियो सामाग्री तयारी तथा प्रसारण

(१४) अवलोकन भम्रण

धन्यवाद् ।

